# धुनिवेशी नगरपालिकाको सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग कार्यविधि-२०७८

नगर कार्यपालिकाबाट स्विकृत भएको मितिः२०७८।०८।०३

## कार्यविधि प्रमाणिकरण

प्रमाणिकरण गर्नेको दस्तखत

नाम थरः- बालकृष्ण आचार्य

पदः- नगर प्रमुख

## धुनिवेशी नगरपालिकाको सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग कार्यविधि-२०७८

**कार्यपालिकाबाट स्वीकृत मितिः- २०७८।०८।०३**

**प्रस्तावनाः**

मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउन, सुत्केरी महिला र नवजात शिशुको स्वास्थ्य स्थितिमा सुधार गरि स्वस्थ समाज निर्माणमा टेवा पूऱ्याउन र बालबालिकाको बैंक खाता खोली बचत गर्ने वानी विकास गर्न धुनिवेशी नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** १) यो कार्यविधिको नाम "धुनिवेशी नगरपालिकाको सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग कार्यविधि-२०७८" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) 'नगरपालिका' भन्नाले धुनिवेशी नगरपालिका सम्झनु पर्दछ ।

ख) 'कार्यपालिका' भन्नाले धुनिवेशी नगरकार्यपालिका सम्झनु पर्दछ ।

ग) 'प्रमुख' भन्नाले धुनिवेशी नगरपालिकाको प्रमुख सम्झनुपर्दछ ।

घ) 'उप-प्रमुख' भन्नाले धुनिवेशी नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्दछ ।

ङ) 'कार्यालय' भन्नाले धुनिवेशी नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले धुनिवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

छ) 'लक्षित वर्ग' भन्नाले धुनिवेशी नगरपालिका भित्रका स्थायी बसोबास भएका सुत्केरी भएको ३५ दिन भित्रको आमा र बच्चालाई सम्झनुपर्दछ ।

ज) 'सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग कार्यक्रम' भन्नाले धुनिवेशी नगरपालिका भित्र सुत्केरी भएका महिलालाई उत्प्रेरणा र पोषण स्थितिमा आमा र बच्चाको स्वास्थ्य स्थिति सुधार गर्नका लागि धुनिवेशी नगरपालिकाले ल्याएको महिला बालबालिका कार्यक्रम भन्ने बुझ्नु पर्नेछ ।

झ) 'नवजात शिशु सहयोग कार्यक्रम' भन्नाले धुनिवेशी नगरपालिका भित्र तोकिएको अवधि पछि जन्मिएका नवजात शिशुहरुको नाममा बैंक खाता खोली रकम जम्मा गर्ने कार्य बुझ्नु पर्दछ ।

ञ) 'प्रोटोकल' भन्नाले गर्भवती आमा र बच्चालाई स्वास्थ्य सेवा उपभोग गर्न तपसिल अनुसारको कार्यलाई सम्झनु पर्नेछ ।

अ) पहिलो गर्भवती जाँच- गर्भ रहेको चौथो महिनामा (जुकाको औषधी, टिडि खोप, आइरन चक्की सुरुवात गर्नु)

आ) दोस्रो जाँच- छैठौं महिनामा टिडी खोप, आइरन चक्की नियमित खानुपर्ने

इ) तेस्रो जाँच- आठौं महिनामा

ई) चौथो जाँच- गर्भ रहेको नौ महिनामा गर्भ जाँच गर्नुपर्नेछ ।

३. सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग पाउने:- १) देहायका सुत्केरी महिलालाई यस कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग उपलब्ध गराईनेछ :-

क) धुनिवेशी नगरपालिका भित्रको स्थायी बासिन्दा भएको ।

ख) सुत्केरी भएको ३५ दिन भित्रमा अनिवार्य बच्चाको जन्म दर्ता गरेको ।

ग) स्वीकृत स्वास्थ्य संस्थामा गई सुत्केरी गराएको । यस्तो सहयोग सुत्केरी भएको ३ महिनाभित्र उपलब्ध गराईसक्नुपर्नेछ ।

४. स्वीकृत प्रोटोकल अनुसार गर्भ जाँच गराई यस कार्यविधि बमोजिम नियम पुगेका सुत्केरी महिलालाई उपलब्ध गराईनेछ ।

५. सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग:- सुत्केरी आमासँग उपमेयर कार्यक्रम अर्न्तगत २०७८ साल श्रावण १ गते देखी सुत्केरी भएका महिलालाई रु २०००।- (अक्षरुपी दुई हजार रुपैयाँ) भन्दा बढी नहुने गरी पोषणयुक्त खानेकुराहरु उपलब्ध गराईनेछ ।

६. कुनै पनि गर्भवतिले प्रोटोकल अनुसार गर्भ जाँच नगरेतापनि सुचिकृत स्वास्थ्य संस्थाबाट प्रसुती भएको कागजात पेश गरेमा यो कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा बालपोषण सहयोग पाउनेछ ।

७. सामाजिक, आर्थिक, भौगोलिक रुपमा स्वास्थ्य संस्थाबाट टाढा भई स्वास्थ्य सेवाबाट बञ्चित भई घरैमा प्रसुती भएको सुत्केरी महिलालाई समेत यो कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा बालपोषण सहयोग रकम प्राप्त गर्न रोक लगाइने छैन ।

८. सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग रकम प्राप्त गर्न आवश्यक कागजात साथ नगर कार्यपालिकाको कार्यालय समक्ष निवेदन पेश गर्नुपर्नेछ:-

९. कसुर गरेको मानिने:- कसैले झुठा विवरण पेश गरी यो कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग लिएमा कसुर गरेको मानिनेछ । साथै कसैले कसुर गरेको पाईएमा सो रकम असुल गरी बिगो बराबरको जरिवाना गरिनेछ ।

१०. नवजात शिशुसँग मेयर कार्यक्रम कोष:- २०७८ साल श्रावण १ गते देखी जन्मिने प्रत्येक शिशुको नाममा नागरपालिकाले उपयुक्त ठानेको बैंकमा खाता खोली रु.१,०००।- (अक्षरुपी एक हजार रुपैयाँ) जम्मा गरिनेछ । त्यस्तो खातामा अन्य व्यक्ति, संघ संस्था वा निकायले थप रकम जम्मा गरिदिन बाधा पर्ने छैन । यस्तो खातामा जम्मा भएको रकम शिशु बालिग नभएसम्म झिक्न नपाइने व्यवस्था गरिनेछ ।

११. संशोधन:- धुनिवेशी नगरकार्यपालिकाले यो कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

१२. बचाउ:- यो कार्यविधि कार्यान्वयन हुनु अगाडी नगरकार्यपालिकाको निर्णय अनुसार सुत्केरी स्याहार तथा नवजात शिशु सहयोग वितरण सम्बन्धी भए गरेको सम्पुर्ण कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।